# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, भदौ १२ गते २०४६ साल (संख्या २०


## भाग ३

श्री ५ को सरकार

## सञ्चार मन्त्रालयको सूचना

### चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०४६

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१. यी नियमहरूको नाम "चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली २०४६" रहेको छ ।

१.२. यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

२.१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

२.१.१. "ऐन" भन्नाले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ सम्झनुपर्दछ ।

२.१.२. "चलचित्र" भन्नाले भिडियो चलचित्रसमेतलाई जनाउँछ ।

२.१.३. "वितरण" भन्नाले चलचित्र वा भिडियो क्यासेट बिक्री वितरण गर्ने कार्यलाई सम्झनुपर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.१.४. "चलचित्र निर्माता" भन्नाले चलचित्र निर्माण गर्न पाउने गरी सञ्चार मन्त्रालयबाट इजाजत प्राप्त व्यक्ति वा संस्था सम्झनुपर्दछ ।

३. इजाजतपत्र लिनुपर्ने :

३.१. ऐनको दफा ३ को उपदफा (१) बमोजिम चलचित्र निर्माण गर्न अनुसूची–१ बमोजिम, वितरण गर्न अनुसूची–२ बमोजिम, प्रदर्शन गर्न अनुसूची–३ बमोजिम र ऐनको दफा ४ को उपदफा (१) अनुसार चलचित्र घर निर्माण गरी चलाउन अनुसूची–४ बमोजिमको ढाँचामा सो गर्न चाहने व्यक्तिले इजाजतपत्र लिन सञ्चार मन्त्रालयमा दरखास्त दिनु पर्नेछ ।

३.२. उप-नियम ३.१ बमोजिम प्राप्त भएको दरखास्तमा आवश्यक जाँचबुझ गरी मनासिब देखेमा सञ्चार मन्त्रालयले देहायबमोजिम दस्तुर लिई चलचित्र निर्माण गर्न अनुसूची–५ बमोजिम, वितरण गर्न अनुसूची–६ बमोजिम, प्रदर्शन गर्न अनुसूची–७ बमोजिम र चलचित्र घर निर्माण गरी चलाउन अनुसूची–८ बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछः–

३.२.१. नेपाली नागरिक वा संस्थाबाट निर्माण गरिने कथानक चलचित्रको लागि पाँच हजार रूपैयाँ र अन्य चलचित्रको लागि पाँच सय रूपैयाँ ।

३.२.२. विदेशी नागरिक वा संस्थाबाट निर्माण गरिने कथानक चलचित्रको लागि दुई हजार अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा र अन्य चलचित्रको हकमा छ सय अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा । तर भारतीय नागरिक वा संस्थाले निर्माण गर्ने चलचित्रमा सोही डलर बराबरको भारतीय मुद्रा ।

३.२.३. विदेशी नागरिक वा संस्था र नेपाली नागरिक वा संस्थाको संयुक्त लगानीमा तयार हुने कथानक चलचित्रको लागि तीस हजार रूपयाँको परिवर्त्य विदेशी मुद्रा । तर आधा रकम नेपाली मुद्रामा तिर्न सकिनेछ ।

३.२.४. चलचित्र वितरणको लागि एक हजार रूपैयाँ ।

३.२.५. स्थायी चलचित्र प्रदर्शनको लागि तीन हजार रूपैयाँ र घुम्ती चलचित्र प्रदर्शनको लागि एक हजार रूपैयाँ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.२.६. चलचित्र घर निर्माण गरी चलचित्र प्रदर्शनको लागिः–

३.२.६.१ पहिलो स्तरको चलचित्र घरको हकमा बाह्र हजार रूपैयाँ ।

३.२.६.२ दोस्रो स्तरको चलचित्र घरको हकमा दश हजार रूपैयाँ ।

३.२.६.३ तेस्रो स्तरको चलचित्र घरको हकमा आठ हजार रूपैयाँ ।

३.२.६.४ भिडियो चलचित्र घरको हकमा ६ हजार रूपैयाँ ।

३.३. उप-नियम ३.२.१., ३.२.२., ३.२.३. र ३.२.५. मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको कार्यक्रम वा नीतिअनुसार कुनै विकास कार्यमा सघाउ पुऱ्याउन प्रदर्शन गर्ने वा सार्वजनिक कल्याणकारी संस्थाको लागि वा दैवी प्रकोप पीडित जनताको सहायताको लागि निर्माण गर्ने वा घुम्ती चलचित्रको प्रदर्शन इजाजतपत्रमा लाग्ने दस्तूर माफी गर्न सक्नेछ ।

४. इजाजतपत्रको म्याद र नवीकरण दस्तूर :

४.१. कथानक चलचित्र निर्माणको सम्बन्धमा इजाजतपत्र प्राप्त गरेको मितिले एक वर्षभित्र काम शुरू गरी काम शुरू गरेको मितिले तीन वर्षसम्म र अन्य चलचित्रको सम्बन्धमा इजाजतपत्र प्राप्त गरेको मितिले ६ महीनासम्म बहाल रहनेछ ।

तर तोकिएको म्यादभित्र चलचित्र पूरा गर्न नसक्ने कुनै मनासिब कारण देखाई इजाजतपत्रको म्याद समाप्त हुनु अगावै थप म्यादको लागि सञ्चार मन्त्रालयमा निवेदन गरेमा कथानक चलचित्रको हकमा पटक पटक गरी बढीमा एक वर्षसम्म र अन्य चलचित्रको हकमा पटक पटक गरी बढीमा ६ महीनासम्मको थप म्याद दिन सकिनेछ ।

४.२. चलचित्र वितरण गर्ने इजाजतपत्र एक वर्षसम्म बहाल रहनेछ र सो अवधि भुक्तानी हुनुभन्दा अगावै अर्को वर्षको लागि सात सय रूपैयाँ तिरी नवीकरण गराउनु पर्नेछ । सो म्यादभित्र नवीकरण गराउन नसकेमा सो गराउन नसकेको कारणसमेत उल्लेख गरी दरखास्त दिनु पर्नेछ । र सो मनासिब देखिएमा, देहायको अवधिको लागि देहायबमोजिमको थप दस्तूर लिई नवीकरण गरिदिन सकिनेछ :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.२.१. नवीकरण गर्ने म्याद नाघेको पैंतीस दिनसम्म नवीकरण दस्तूरको सयकडा पच्चीस,

४.२.२. नवीकरण गर्ने म्याद नाघेको मितिले तीन महीनासम्म नवीकरण दस्तूरको सयकडा पचास,

४.२.३. नवीकरण गर्ने म्याद नाघेको मितिले ६ महीनासम्म नवीकरण दस्तूर सरह ।

४.३. स्थायी चलचित्र प्रदर्शनको इजाजतपत्र पाँच वर्षसम्म बहाल रहने छ । सो अवधि भुक्तान हुनु अगावै प्रत्येक पाँच वर्षको लागि दुई हजार रूपैयाँ तिरी नवीकरण गराउनु पर्नेछ र सो म्यादभित्र नवीकरण गराउन नसकेमा कारण खोली दरखास्त दिनु पर्नेछ । नवीकरण गराउन नसकेको कारण मनासिव देखिएमा देहायको अवधिको लागि देहायबमोजिमको थप दस्तूर लिई नवीकरण गरिदिन सकिनेछ :–

४.३.१. नवीकरण गर्ने म्याद नाघेको पैंतीस दिनसम्म नवीकरण दस्तूरको सयकडा पच्चीस,

४.३.२. नवीकरण गर्ने म्याद नाघेको मितिले तीन महीनासम्म नवीकरण दस्तूरको सयकडा पचास,

४.३.३. नवीकरण गर्ने म्याद नाघेको मितिले ६ महीनासम्म नवीकरण दस्तूर सरह ।

४.४. घुम्ती चलचित्र प्रदर्शन गर्ने इजाजतपत्रको अवधि बढीमा एक वर्षको हुनेछ र सो इजाजतपत्रको नवीकरण हुनेछैन ।

४.५. चलचित्र घर निर्माण गरी चलाउने इजाजतपत्र पाँच वर्षसम्म बहाल रहनेछ र सो अवधिभित्र अर्को पाँच वर्षको लागि देहाय-बमोजिमको दस्तूर तिरी नवीकरण गराउनु पर्नेछ :–

४.५.१. चलचित्र घर पहिलो स्तरको भए दश हजार रूपैयाँ ।

४.५.२. चलचित्र घर दोस्रो स्तरको भए आठ हजार रूपैयाँ ।

४.५.३. चलचित्र घर तेस्रो स्तरको भए छ हजार रूपैयाँ ।

४.५.४. भिडियो चलचित्र घर भएमा चार हजार रूपैयाँ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.६. उप-नियम ४.५. बमोजिमको म्यादभित्र नवीकरण गराउन नसकेमा निम्नबमोजिम थप दस्तूर तिरी नवीकरण गराउनु पर्नेछ :–

४.६.१. नवीकरण गर्ने म्याद नाघेको पैंतीस दिनसम्म नवीकरण दस्तूरको सयकडा पच्चीस,

४.६.२. नवीकरण गर्ने म्याद नाघेको मितिले तीन महीनासम्म नवीकरण दस्तूरको सयकडा पचास,

४.६.३. नवीकरण गर्ने म्याद नाघेको मितिले ६ महीनासम्म नवीकरण दस्तूर सरह ।

५. इजाजतपत्र प्राप्त चलचित्र निर्माताले सम्पर्क अधिकृत राख्नुपर्ने :

५.१. चलचित्र निर्माताले माग गरेमा वा सञ्चार मन्त्रालयले आवश्यक ठानेमा एकजना सम्पर्क अधिकृत खटाउन सक्नेछ र त्यस्तो सम्पर्क अधिकृतलाई खाना र सवारीको सुविधा तथा पहाडी क्षेत्रमा जाँदा आवश्यक पर्ने लत्ता कपडा र औजार चलचित्र निर्माताले दिनु पर्नेछ ।

५.२. चलचित्र निर्माताले सम्पर्क अधिकृतलाई दुई हप्तासम्मको अवधिको प्रत्येक कथानक चलचित्रको हकमा दुई हजार रूपैयाँ, अन्य चलचित्रको हकमा एक हजार पाँच सय रूपैयाँ र दुई हप्तासम्म सुटिङ्ग समाप्त नभएमा बढी अवधिको लागि प्रत्येक हप्ताको पाँच सय रूपैयाँको दरले पारिश्रमिक दिनु पर्नेछ ।

५.३. चलचित्र निर्माताले आउट डोर सुटिङ्ग शुरू गर्नु अघि सो कार्य समाप्त नभएसम्मको लागि सम्पर्क अधिकृतको दुई लाख रूपैयाँको जीवन बीमा गराउनु पर्नेछ ।

५.४. चलचित्र निर्माण गर्ने सिलसिलामा दुर्घटना परी सम्पर्क अधिकृतको अङ्गभङ्ग भएमा अङ्गभङ्गको प्रकृति हेरी चलचित्र निर्माताले निजलाई पाँच हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्मको रकम क्षतिपूर्ति दिनु पर्नेछ ।

५.५. सञ्चार मन्त्रालयले अङ्गभङ्ग भए बापतको क्षतिपूर्ति रकमको अङ्क निर्धारण गर्न देहायबमोजिमको एक समिति गठन गर्नेछः–


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.५.१ सञ्चार मन्त्रालयले तोकेको – अध्यक्ष
५.५.२ शाही नेपाल चलचित्र संस्थानको प्रतिनिधि – सदस्य
५.५.३ सम्बन्धित चलचित्र निर्माताको प्रतिनिधि – सदस्य

६. चलचित्र प्रदर्शन गर्न स्वीकृति लिनुपर्ने :

चलचित्र निर्माता विदेशी भएमा निजले नेपाल अधिराज्यमा खिचिएको चलचित्र पहिलो पटक विदेशमा प्रदर्शन गर्दा नजीकको शाही नेपाली राजदूतावास, महावाणिज्य दूतावास वा वाणिज्य दूतावासमा देखाई स्वीकृति लिनु पर्नेछ ।

७. चलचित्र प्रति बुझाउनु पर्ने :

चलचित्र निर्माता विदेशी भएमा निजले नेपाल अधिराज्यमा खिचिएको चलचित्रको एकप्रति सञ्चार मन्त्रालयमा निःशुल्क बुझाउनु पर्नेछ ।

८. चलचित्र प्रदर्शन इजाजतपत्र पाउनेले पालन गर्नुपर्ने शर्त :

८.१ चलचित्र प्रदर्शन गर्ने इजाजतपत्र प्राप्त व्यक्तिले देहायका शर्तहरू पालन गर्नु पर्नेछ :–

८.१.१ चलचित्र प्रदर्शन गर्नलाई चलचित्र जाँच समितिबाट जाँच गराई स्वीकृति लिएर मात्र प्रदर्शन गर्ने ।

८.१.२ चलचित्र घरमा निर्धारित गरिएको सिटभन्दा बढी सिट राखी चलचित्र नदेखाउने ।

८.१.३ इजाजतपत्रमा निर्धारण गरिएको स्थानबाहेक अन्य स्थानमा चलचित्र प्रदर्शन नगर्ने ।

८.१.४ आवासीय भवनमा सार्वजनिक प्रदर्शन नगर्ने ।

८.१.५ वितरक वा निर्माताबाट मात्र चलचित्र लिएर प्रदर्शन गर्ने ।

८.१.६ एक चलचित्र भवनको लागि बुक भएको चलचित्र अर्को चलचित्र भवनमा प्रदर्शन गर्दा सम्बन्धित वितरक वा निर्माताको स्वीकृति नलिई प्रदर्शन नगर्ने ।

८.१.७ भिडियो चलचित्र प्रदर्शकले निर्माताबाट कपी राइट गरेको नेपाली चलचित्र मात्र प्रदर्शन गर्ने ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८.१.८ चलचित्र प्रदर्शन, निर्माण र वितरण सम्बन्धमा श्री ५ को सरकार, सञ्चार मन्त्रालयद्वारा बेला-बेलामा दिएको निर्देशनको पालना गर्ने ।

९. चलचित्र घरमा हुनुपर्ने व्यवस्था :

९.१ पहिलो स्तरको चलचित्र घरमा देहायबमोजिम व्यवस्था हुनु पर्नेछ :–

९.१.१ आठ सयभन्दा बढी दर्शक बस्ने सिट,

९.१.२ सिनेमास्कोप देखाउने खालको मण्डप, स्क्रीनवाल र पर्दा,

९.१.३ प्रत्येक सय सिटको लागि चार वटा पिसाब खण्ड (युरिनल) एक दिशा खण्ड (महिला तथा पुरुषको लागि छुट्टाछुट्टै),

९.१.४ दर्शक बस्ने सबै श्रेणीको स्थानमा कुशन,

९.१.५ कमसेकम दशवटा मोटरकार पार्क गर्ने स्थान,

९.१.६ मोटरसाइकल र साइकल पार्क गर्ने पर्याप्त स्थान,

९.१.७ माथिल्लो र तल्लो श्रेणीको लागि छुट्टाछुट्टै सुविधायुक्त टिकट बिक्री गर्ने व्यवस्था,

९.१.८ दर्शक र प्रदर्शन पर्दाको बीच कम्तीमा बीस फिटको दूरी,

९.१.९ चलचित्र प्रदर्शनमा बाधा नपर्ने खालका पर्याप्त प्रवेशद्वार र आकस्मिक द्वारहरू,

९.१.१० ढल निकासको राम्रो व्यवस्था,

९.१.११ पच्चीस प्रतिशत दर्शकहरू अटाउने प्रतिक्षालय,

९.१.१२ छुट्टै चमेना गृहको व्यवस्था,

९.१.१३ सिटको अनुपातमा अग्नि नियन्त्रण साधनहरू,

९.१.१४ ध्वनी स्पष्ट र राम्रोसंग सुन्न सकिने प्रदर्शन कक्ष,

९.१.१५ प्राथमिक चिकित्सकको व्यवस्था ।

९.२ दोस्रो स्तरका चलचित्र घरमा देहायबमोजिमको व्यवस्था हुनु पर्नेछ :–

९.२.१ पाँच सय एकदेखि आठ सयसम्म दर्शक बस्ने सिट,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

९.२.२ सिनेमास्कोप देखाउने खालको मण्डप, स्क्रीनवाल र पर्दा,

९.२.३ प्रत्येक एक सय सिटको लागि चारवटा दलिन पङ्खाहरू,

९.२.४ प्रत्येक एक सय सिटको लागि चारवटा पिसाब खण्ड र एउटा दिशा खण्ड (महिला तथा पुरुषको लागि छुट्टाछुट्टै),

९.२.५ दर्शक बस्ने तेस्रो श्रेणीबाहेक अन्य श्रेणीको स्थानमा कुशन,

९.२.६ टिकट बिक्री गर्ने सुविधायुक्त स्थान,

९.२.७ साइकल, मोटरसाइकल, मोटरकारको लागि पार्किङ्को व्यवस्था,

९.२.८ पर्याप्त संख्यामा प्रवेशद्वारहरू र आकस्मिक द्वारहरू,

९.२.९ सिटको अनुपातमा अग्नि नियन्त्रण साधनहरू,

९.२.१० ध्वनी स्पष्ट र राम्रोसंग सुन्न सक्ने प्रदर्शन कक्ष,

९.२.११ दर्शक र प्रदर्शन पर्दाको बीचमा कम्तीमा पन्ध्र फिटको दूरी,

९.३. <u>तेस्रो स्तरको चलचित्र घरमा देहायबमोजिमको व्यवस्था हुनु पर्नेछ :–</u>

९.३.१ तीन सय एकदेखि पाँच सयसम्म दर्शक बस्ने सिट,

९.३.२ सिनेमास्कोप देखाउने खालको मण्डप र पर्दा,

९.३.३ प्रत्येक सय सिटको लागि चारवटा दलिन पङ्खाहरू,

९.३.४ प्रत्येक सय सिटको लागि चारवटा पिसाब खण्ड र एउटा दिशा खण्ड (महिला तथा पुरुषको लागि छुट्टाछुट्टै),

९.३.५ दर्शक बस्ने दोस्रो र तेस्रो श्रेणीबाहेक अन्य श्रेणीको स्थानमा कुशन,

९.३.६ साइकल, मोटरसाइकल र मोटरकारको लागि पार्किङ्को व्यवस्था,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९.३.७ टिकट बिक्री गर्ने सुविधायुक्त स्थान,

९.३.८ पर्याप्त संख्यामा प्रवेशद्वारहरू र आकस्मिक द्वारहरू,

९.३.९ सिटको अनुपातमा अग्नि नियन्त्रण साधन,

९.३.१० ध्वनी स्पष्ट र राम्रोसंग सुन्न सकिने प्रदर्शन कक्ष,

९.३.११ दर्शक र प्रदर्शन पर्दाको बीच कम्तीमा बाह्र फिटको दूरी,

९.४ भिडियो चलचित्र घरमा देहायबमोजिमको व्यवस्था हुनु पर्नेछ :

९.४.१ घटीमा एक सयदेखि बढीमा सात सयसम्म दर्शक बस्ने सिट,

९.४.२ वालस्कीनमा चलचित्र देखाउने व्यवस्था ,

९.४.३ प्रत्येक सय सिटको लागि चारवटा दलिन पङ्खाहरू, तर सामान्यतः वर्षभरि नै ठण्डा तापक्रम भएका स्थानहरूमा आवश्यक नहुने,

९.४.४ प्रत्येक सय सिटको लागि चारवटा पिसाब खण्ड र एउटा दिशा खण्ड (महिला तथा पुरुषहरूको लागि छुट्टाछुट्टै),

९.४.५ दर्शक बस्ने प्रथम श्रेणीमा र सोभन्दा माथिको सिटमा कुशन,

९.४.६ पार्किङ्गको व्यवस्था तर सवारी साधन नभएका स्थानमा आवश्यक नहुने,

९.४.७ टिकट बेचन सुविधायुक्त स्थान,

९.४.८ पर्याप्त संख्यामा प्रवेशद्वारहरू र आकस्मिक द्वारहरू,

९.४.९ सिटको अनुपातमा अग्नि नियन्त्रण साधन,

९.४.१० ध्वनी स्पष्ट र राम्रो सुन्न सक्ने प्रदर्शन कक्ष,

९.४.११ दर्शक र प्रदर्शन पर्दाको बीच कम्तीमा दश फिटको दूरी,

९.४.१२ नेपाली चलचित्र मात्र देखाउन पाउने ।

९.५ भिडियो चलचित्र घर बनाउन पाउने स्थान र भिडियो चलचित्र देखाउने स्कीनको नाप श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेबमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

236

१०. चलचित्र घर निर्माण गरेपछि जँचाउनु पर्ने :

१०.१ चलचित्र घर निर्माण गरी चलाउने इजाजतपत्र प्राप्त व्यक्तिले चलचित्र घरको निर्माण पूरा भएपछि सम्बन्धित अञ्चलाधीशलाई जँचाउन पर्नेछ ।

१०.२ उप-नियम १०.१ बमोजिम जाँच गर्दा नियम ९ बमोजिमको व्यवस्था पूरा भएमा त्यस्तो चलचित्र घरमा प्रदर्शन गर्न दिन सम्बन्धित अञ्चलाधीशले सञ्चार मन्त्रालयमा सिफारिश गर्नु पर्नेछ ।

१०.३ उप-नियम १०.२ बमोजिम सिफारिश प्राप्त भएपछि सञ्चार मन्त्रालयले त्यस्तो चलचित्र घरको स्तर तोकी चलचित्र प्रदर्शन गर्न स्वीकृति दिनु पर्नेछ ।

११. चलचित्र घरको जाँच गर्ने र सजाय गर्ने अधिकार :

ऐनको दफा ६ र दफा १२ को उप-दफा (१) को प्रयोजनको लागि सम्बन्धित अञ्चलाधीशलाई तोकिएको छ ।

१२. चलचित्र जाँच समितिको गठन र त्यसको कार्यविधि :

१२.१ श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार चारजनादेखि सातजनासम्मको एक वा एकभन्दा बढी चलचित्र जाँच समिति गठन गर्न सक्नेछ ।

१२.२ चलचित्र जाँच गराउनको लागि चलचित्र जाँच समितिमा दरखास्त दिँदा अनुसूची–९ बमोजिमको ढाँचामा दिनुपर्छ ।

१२.३ चलचित्र जाँच गराउनेले चलचित्र जाँच समितिको प्रत्येक सदस्यलाई प्रत्येक चलचित्र जाँच गरेबापत सञ्चार मन्त्रालयले निर्धारण गरे बमोजिम भत्ता दिनु पर्नेछ ।

१३. चलचित्र प्रदर्शन समयः सञ्चार मन्त्रालयले तोकिदिएको समयमा मात्र प्रदर्शन गर्नु पर्नेछ ।

१४. टिकट दर र श्रेणी : चलचित्र घरमा कायम गरिने विभिन्न श्रेणी र टिकट दर श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेबमोजिम हुनेछ ।

तर पूर्ण वातानुकुलित पहिलो स्तरको चलचित्र घरमा कायम हुने विभिन्न श्रेणीको टिकट दर चलचित्र व्यवस्थापनले तोक्न सक्नेछ । यसरी तोकिएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दर व्यवस्थापनले तुरुन्त श्री ५ को सरकार, सञ्चार मन्त्रालय र स्थानीय प्रशासनलाई जानकारी दिनु पर्नेछ ।

१५. चलचित्र निर्माणमा बन्देज :

श्री ५ को सरकारद्वारा निषेध गरिएको क्षेत्रको दृश्याङ्कन हुने गरी वा राष्ट्रिय सम्मान, संस्कृति, परम्परा वा धार्मिक मान्यतामा आघात पर्ने गरी चलचित्र निर्माण गर्न पाइनेछैन ।

१६. घुम्ती चलचित्र :

१६.१ पहिलो वा दोस्रो वा तेस्रो स्तरको चलचित्र घरको दश किलोमीटर क्षेत्रभित्र घुम्ती चलचित्र प्रदर्शन गर्न पाइनेछैन ।

१६.२ घुम्ती चलचित्र तीन महीनाभन्दा बढी एकै ठाउँमा देखाउन पाइने छैन ।

१६.३ नेपाली चलचित्र मात्र देखाउन पाइनेछ ।

१७. चलचित्र प्रदर्शन बन्द गर्न सकिने :

कुनै चलचित्रको प्रदर्शनबाट सार्वजनिक सदाचार र शिष्टाचारको अवहेलना हुने भएमा श्री ५ को सरकारले त्यस्तो चलचित्र प्रदर्शन बन्द गर्ने आदेश दिन सक्नेछ ।

१८. चलचित्र महोत्सव :

कुनै व्यक्ति वा संस्थाले नेपालमा चलचित्र महोत्सव (फिल्म फेष्टिवल) गर्न चाहेमा श्री ५ को सरकारको पूर्वस्वीकृति लिनु पर्नेछ ।

१९. स्वीकृति लिनुपर्ने :

सञ्चार मन्त्रालयबाट प्राप्त इजाजतमा कुनै थपघट वा परिवर्तन गर्नुपरेमा सञ्चार मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

२०. खारेजी र बचाउ :

२०.१ चलचित्र (निर्माण, वितरण तथा प्रदर्शन) नियमावली, २०३३ खारेज गरिएको छ ।

२०.२ चलचित्र (निर्माण, वितरण तथा प्रदर्शन) नियमावली, २०३३ बमोजिम चलचित्र निर्माण, वितरण, प्रदर्शन वा चलचित्र घर निर्माण गरी चलाउन जारी गरिएको इजाजतपत्रहरू यस नियमावली बमोजिम जारी भए सरह गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(नियम ३.१ संग सम्बन्धित)

चलचित्र निर्माण गर्ने इजाजतपत्रको लागि दिइने दरखास्त

श्री सञ्चार मन्त्रालय,
काठमाडौं, नेपाल ।

चलचित्र निर्माण गर्नको लागि इजाजतपत्र पाउन चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०४६ अनुसार निम्नलिखित विवरणसहित यो दरखास्त पेश गरेको छु । छौं । निर्माण गरिने चलचित्र कथा विषयवस्तुको एकप्रति यसैसाथ संलग्न छ । व्यहोरा झुट्टा ठहरे प्रचलित नेपाल कानूनबमोजिम सहुँला । बुझाउँला ।

१) निवेदकको नामः–

२) नागरिकताः–

३) निवेदक संस्था भए स्वदेशी । विदेशीः–

४) ठेगानाः– (क) स्थायीः–
(ख) अस्थायीः–

५) निर्माण गरिने चलचित्रको किसिमः–

६) निर्माण गरिने चलचित्रकोः– (क) नामः–
(ख) भाषाः–
(ग) जम्मा लम्बाइः–

७) चलचित्र खिच्ने स्थानहरूः–

८) चलचित्र निर्माणमा लाग्ने अन्दाजी पूंजीः–

९) चलचित्र निर्माण प्रारम्भ गर्ने प्रस्तावित मितिः–

१०) कलाकारको संख्याः - (क) स्वदेशीः–
(ख) विदेशीः–

११) चलचित्र निर्माणको उद्देश्यः–

१२) कति प्राविधिक कहाँबाट आउनेः–

१३) प्राविधिक सरसामान प्राप्त हुने स्थानको नामः–

निवेदक

मितिः–. . . . . . . . . . . . .



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२
(नियम ३.१ संग सम्बन्धित)
चलचित्र वितरण गर्न इजाजतको लागि दरखास्त

श्री सञ्चार मन्त्रालय,
काठमाडौं, नेपाल ।

चलचित्र वितरण गर्नका लागि इजाजतपत्र पाउन चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०४६ अनुसार निम्नलिखित विवरणसहित यो दरखास्त पेश गरेको छु । छौं । व्यहोरा झुट्ठा ठहरे प्रचलित नेपाल कानूनबमोजिम सहुँला बुझाउँला ।

१) निवेदकको नामः–
२) नागरिकताः–
३) ठगानाः– (क) स्थायीः–
(ख) अस्थायीः–
४) चलचित्र निर्माताको:– (क) नामः–
(ख) ठेगानाः–
५) चलचित्र वितरण गर्ने कार्यालयको नाम र स्थानः–
६) चलचित्र वितरण गर्नका लागि लगाउने अन्दाजी पूंजीः–
७) परिवर्त्य विदेशी मुद्रा चाहिने भए के कति कुन स्रोतबाट प्राप्त हुनेः–

निवेदक

मितिः– . . . . .

. . . . .



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४१

अनुसूची–३
(नियम ३.१ संग सम्बन्धित)
चलचित्र प्रदर्शन गर्ने इजाजतपत्रको लागि दिइने दरखास्त

श्री सञ्चार मन्त्रालय,
काठमाडौं, नेपाल ।

महोदय,

चलचित्र प्रदर्शन गर्ने इजाजतपत्र पाउनको लागि चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०४६ अनुसार निम्नलिखित विवरणसहित यो दरखास्त पेश गरेको छु । छौं । जग्गा-धनीको स्वीकृतिको निस्सा यसैसाथ संलग्न छ । व्यहोरा झुट्टा ठहरे प्रचलित नेपाल कानून बमोजिम सहुँला । बुझाउँला ।

१) निवेदकको नामः–
२) नागरिकताः–
३) ठेगानाः– (क) स्थायीः–
(ख) अस्थायीः–
४) चलचित्र प्रदर्शन गरिने चलचित्र घर । स्थानको नामः–
५) चलचित्र प्रदर्शन गर्न चाहिने अवधि. . . . .देखि. . . . .सम्म ।

निवेदक

मितिः– . . . .                . . . .



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
282

## अनुसूची–४

(नियम ३.१ संग सम्बन्धित)

**चलचित्र घर निर्माण गरी चलाउने इजाजतपत्रको लागि दिइने दरखास्त**

श्री सञ्चार मन्त्रालय,
काठमाडौं, नेपाल ।

चलचित्र घर निर्माण गरी चलाउन इजाजतपत्र पाउनका लागि चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०४६ अनुसार निम्नलिखित विवरणसहित यो दरखास्त पेश गरेको छु । छौं । निर्माण गरिने चलचित्र घरको नक्शा दुईप्रति यसैसाथ छ । व्यहोरा झुट्टा ठहरे प्रचलित नेपाल कानूनबमोजिम सहुँला बुझाउँला ।

१) निवेदकको नाम:–

२) नागरिकता:–

३) ठेगाना:– (क) स्थायी:–
(ख) अस्थायी:–

४) चलचित्र घर निर्माण गरिने स्थान:–

५) चलचित्र घरको सिट संख्या:–

६) निर्माणमा लाग्ने अन्दाजी पूंजी:–

७) निर्माण गरिने प्रस्तावित मिति:–

निवेदक
. . . . .

मिति:– . . . . .



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–५
(नियम ३.२ संग सम्बन्धित)
**चलचित्र निर्माण गर्न दिइने इजाजतपत्र**

इजाजतपत्र संख्याः–                                        मितिः–

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०४६ को अधीनमा रही चलचित्र निर्माण गर्न यो इजाजतपत्र प्रदान गरिएको छ ।

१) इजाजतपत्र पाउनेको नामः–
२) ठेगानाः– (क) स्थायीः–
(ख) अस्थायीः–
३) चलचित्रकोः– (क) नामः–
(ख) किसिमः–
(ग) भाषाः–
(घ) कुल लम्बाइः–
४) चलचित्र खिच्ने स्थानहरूः–
५) चलचित्र निर्माण शुरू गर्ने प्रस्तावित मितिः–
६) निर्माणमा लाग्ने अन्दाजी पूंजीः–
७) कलाकारको संख्याः– (क) स्वदेशीः–
(ख) विदेशीः–
८) प्राविधिकको संख्या र प्राप्त हुने स्थानः–
९) प्राविधिक सामानहरू ल्याउने स्थानः–
१०) इजाजतपत्र दस्तूरः–
११) इजाजतपत्र बुझ्नेको सहीछापः–

इजाजतपत्र जारी गर्ने अधिकृतको सहीः–
नामः–
दर्जाः–
कार्यालयः–

मितिः–. . . . . .

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–६
(नियम ३.२ संग सम्बन्धित)
**चलचित्र वितरण गर्न दिइने इजाजतपत्र**

इजाजतपत्र संख्या:–

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०४६ को अधीनमा रही चलचित्र वितरण गर्न यो इजाजतपत्र प्रदान गरिएको छ ।

१) इजाजतपत्र पाउनेको नाम:–

२) ठेगाना:– (क) स्थायी:–
(ख) अस्थायी:–

३) चलचित्र वितरण गर्नेको नाम:–

४) इजाजतपत्र बहाल रहने अवधि:–. . . . . . देखि . . . . . सम्म ।

५) वितरण गर्न कार्यालय रहने स्थान:–

६) इजाजत दस्तूर:–

७) इजाजतपत्र बुझ्नेको सहीछाप:–

इजाजतपत्र जारी गर्ने अधिकृतको सही:–
नाम:–
मिति:–
कार्यालय:–

| नवीकरण मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर | थप नवीकरण दस्तूर | नवीकरण गर्ने अधिकृतको सही र मिति |
|---|---|---|---|---|
| | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
242

अनुसूची–७
(नियम ३.२ संग सम्बन्धित)
चलचित्र प्रदर्शन गर्न दिइने

इजाजतपत्र

इजाजतपत्र संख्याः–                                                  मितिः–

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०४६ को अधीनमा रही चलचित्र प्रदर्शन गर्न यो इजाजतपत्र प्रदान गरिएको छ।

१) इजाजतपत्र पाउनेको नामः-
२) ठेगानाः– (क) स्थायीः–
(ख) अस्थायीः–
३) चलचित्र प्रदर्शन गर्ने अवधि (घुम्ती चलचित्रको हकमा). . . . . . .
४) इजाजतपत्र बहाल रहने अवधि. . . . . देखि. . . . . . . सम्म।
५) चलचित्र प्रदर्शन गर्ने चलचित्र घर। स्थानको नामः–
६) इजाजतपत्रको दस्तूरः–
७) इजाजतपत्र बुझ्नेको सहीछापः–

इजाजतपत्र जारी गर्ने अधिकृतको सहीः–
नामः–
दर्जाः–
कार्यालयः–

| नवीकरण मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर | नवीकरण गर्ने अधिकृतको सही र मिति |
|---|---|---|---|
| | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
2852

अनुसूची–८
(नियम ३.२ संग सम्बन्धित)

## चलचित्र घर निर्माण गरी चलाउन दिइने इजाजतपत्र

इजाजतपत्र संख्याः– मितिः–

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०४६ को अधीनमा रही चलचित्र घर निर्माण गरी चलाउन यो इजाजतपत्र प्रदान गरिएको छ ।

१) इजाजतपत्र पाउनेको नामः–
२) ठेगानाः– (क) स्थायीः–
(ख) अस्थायीः–
३) चलचित्र घरको नामः–
४) चलचित्र घर निर्माण गरिने स्थानः–
५) कसरी निर्माण गर्नेः– एकलौटी । साझेदारी । प्रा. लि.
६) साझेदारी भए साझेदारहरूको नामः–
७) सिट संख्याः–
८) इजाजतपत्र बहाल रहने अवधि. . . . . देखि. . . . . . . सम्म ।
९) इजाजतपत्र दस्तूरः–
१०) इजाजतपत्र बुझ्नेको सहीछापः–

मितिः– इजाजतपत्र जारी गर्ने अधिकृतको सहीः–
नामः–
दर्जाः–
कार्यालयः–

| नवीकरण मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर | नवीकरण गर्ने अधिकृतको सही र मिति |
|---|---|---|---|
| | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
286

अनुसूची–९

(नियम १२.२ संग सम्बन्धित)

चलचित्र जाँच गर्न चलचित्र जाँच समिति समक्ष दिइने दरखास्त

श्री चलचित्र जाँच समिति,

. . . . . ।

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०४६ अनुसार चलचित्र जाँच गराउनका लागि निम्नलिखित विवरणसहित यो दरखास्त पेश गरेको छु। छौं। चलचित्रको कथा। विषय विषयवस्तुको पुस्तिका प्रत्येक सदस्यलाई पुग्ने गरी थान. . . यसैसाथ संलग्न छ।

व्यहोरा झुट्टा ठहरे प्रचलित नेपाल कानूनबमोजिम सहुँला। बुझाउँला।

१) चलचित्र जाँच गराउने व्यक्तिको नामः–

२) नागरिकताः–

३) ठेगानाः– (क) स्थायीः–
(ख) अस्थायीः–

४) चलचित्र जाँच्ने स्थानः–

५) चलचित्रको नाम र भाषाः–

६) चलचित्रको किसिमः–

७) चलचित्रको लम्बाइः–

८) चलचित्र प्रदर्शन गर्ने स्थानः–

९) चलचित्र निर्माता र वितरकको नामः–

१०) चलचित्र जाँच गराउन चाहने मिति र समयः–

मितिः– निवेदकको सही

नामः–

आज्ञाले,
विष्णुप्रताप शाह
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४८